**काठमाडौँ युनिभर्सिटी हाई स्कुल**
चौकोट, काभ्रे

**सिलबन्दी दरभाउ आह्वान सम्बन्धी सूचना**
(प्रथम पटक प्रकाशित मिति: २०८३ साल असार २४ गते)

काठमाडौँ युनिभर्सिटी हाई स्कुलका लागि आर्थिक वर्ष २०८३/०८४ मा आवश्यक पर्ने **तरकारी तथा फलफुल आपूर्तिका** लागि इच्छुक, योग्य तथा कानुनबमोजिम दर्ता भएका आपूर्तिकर्ता/फर्म/कम्पनीहरूबाट **सिलबन्दी दरभाउ आह्वान** गरिन्छ ।

इच्छुक फर्महरूले विस्तृत सूचना, दरभाउ फाराम तथा आवश्यक शर्तहरू विद्यालयको वेबसाइटबाट डाउनलोड गरी तोकिएको मिति र समयभित्र सिलबन्दी रूपमा पेश गर्नुपर्नेछ।

**वेबसाइट:** www.kuhs.edu.np

**थप जानकारीका लागि:**
Office of School Manager, KUHS

**काठमाडौं युनिभर्सिटी हाई स्कुल**
चौकोट, काभ्रे

**सिलबन्दी दरभाउ आह्वान सम्बन्धी विस्तृत सूचना**
**तरकारी तथा फलफुल आपूति**
प्रथम पटक प्रकाशित मितिः २०८३ साल असार २४ गते

काठमाडौं युनिभर्सिटी हाई स्कुलका लागि आर्थिक वर्ष २०८३/०८४ मा आवश्यक पर्ने **तरकारी तथा फलफुलको** नियमित आपूर्तिका लागि इच्छुक, योग्य तथा प्रचलित कानुनबमोजिम दर्ता भएका फर्म/कम्पनीहरूबाट सिलबन्दी दरभाउ (**Sealed Quotation**) आह्वान गरिन्छ ।

- **दरभाउ कागजात प्राप्त गर्ने प्रक्रिया**

दरभाउ कागजात (Notice, Specifications तथा Quotation Form) विद्यालयको कार्यालयबाट वा विद्यालयको आधिकारिक वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ ।

दरभाउ पेश गर्दा सिलबन्दी खामबाहिर **रु. १,५००/-** (अक्षरेपी एक हजार पाँच सय रुपैयाँ मात्र) को **फिर्ता नहुने भुक्तानी रसिद (Voucher/Receipt)** अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ । भुक्तानी रसिद नभएको दरभाउ स्वीकार गरिने छैन ।

दरभाउ कागजात विद्यालयको कार्यालयबाट वा विद्यालयको आधिकारिक वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ ।

भुक्तानीका लागि बैंक विवरण देहाय बमोजिम हुनेछ:-

**खाताको नाम : KU High School**
**बैंकको नाम : Nepal Investment Mega Bank Limited (NIMB)**
**खाता नम्बर : 00505030250122**
**शाखा : Banepa**

We Accept
fonepay
KU HIGH SCHOOL
Terminal : 2222440011739246
Bank Branch : BANEPA

- **दरभाउ कागजात शुल्क तथा प्रमाण**

दरभाउ कागजात शुल्क बापत गरिएको भुक्तानीको **मूल रसिद (Voucher/Receipt)** दरभाउ पेश गर्दा **सिलबन्दी खामबाहिर** अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ ।

- **योग्यताको आधार तथा आवश्यक कागजातहरू**
  - फर्म/कम्पनी दर्ता प्रमाणपत्र
  - PAN/VAT दर्ता प्रमाणपत्र
  - आ.व. २०८१/८२ सम्मको कर चुक्ता प्रमाणपत्र वा मान्य कर विवरण
  - अधिकृत प्रतिनिधिको हस्ताक्षर अधिकार प्रमाण (आवश्यक परे)
  - पूर्ण रूपमा भरेको दरभाउ फाराम (हस्ताक्षर र छापसहित)
  - भुक्तानी रसिद (Voucher/Receipt)
- **दरभाउ पेश गर्ने तरिका**
  - प्रत्येक वस्तुको एकाइ दर (Unit Price) **अंक तथा अक्षर दुवैमा स्पष्ट** उल्लेख गर्नुपर्नेछ ।
  - **दरमा लागू हुने सम्पूर्ण कर, ढुवानी, प्याकिङ, लोडिङ/अनलोडिङ तथा अन्य खर्च समावेश हुनुपर्नेछ ।**
  - दरभाउ सिलबन्दी खाममा पेश गर्नुपर्नेछ ।
  - खामको बाहिर स्पष्ट रूपमा लेख्नुपर्नेछ : **"Quotation for Supply of Vegetables and Fruits Items for KUHS (२०८३/०८४)"**

- **दरभाउ बुझाउने अन्तिम मिति**

दरभाउ २०८३ साल श्रावण ६ गते दिउँसो २:०० बजेसम्म Office of School Manager, चौकोट, काभ्रेमा बुझाइसक्नुपर्नेछ ।

- **दरभाउ खोल्ने**

दरभाउ खोल्ने मिति, समय तथा स्थान सम्बन्धित दरभाउदाताहरूलाई पछि सूचना दिइनेछ ।

- **आपूर्ति सम्बन्धी प्रमुख शर्तहरू**

  - आपूर्तिकर्ताले विद्यालयको आवश्यकता अनुसार तोकिएको समय, स्थान र परिमाणमा नियमित रूपमा ताजा तरकारी तथा फलफूल उपलब्ध गराउनुपर्नेछ ।
  - **आपूर्तिकर्ताले पेश गरेको कालिमाटी फलफूल तथा तरकारी बजार विकास बोर्डद्वारा प्रकाशित दैनिक औसत थोक मूल्यमा लागू हुने छुट प्रतिशत (Discount Percentage) सम्झौता अवधिभर कायम रहनेछ र खरिदकर्ताको पूर्वलिखित स्वीकृति बिना कुनै पनि मूल्य वृद्धि वा परिवर्तन गर्न पाइने छैन ।**
  - आपूर्ति गरिने सम्पूर्ण तरकारी तथा फलफूल ताजा, सफा, स्वस्थ, ग्रेड गरिएको, उच्च गुणस्तरको तथा मानव उपभोगका लागि उपयुक्त हुनुपर्नेछ ।
  - आपूर्ति गरिने तरकारी तथा फलफूल सडेको, कुहिएको, बासी, किराले खाएको, अत्यधिक पाकेको, चोट लागेको, प्रदूषित वा अन्य कुनै कारणले उपभोगका लागि अनुपयुक्त हुनु हुँदैन ।
  - आपूर्ति गरिएका तरकारी तथा फलफूलको गुणस्तर KUHS को निरीक्षण तथा स्वीकृतिअनुसार हुनुपर्नेछ । KUHS ले गुणस्तरहीन, बिग्रिएको वा अस्वीकृत सामग्री स्वीकार गर्न बाध्य हुने छैन ।
  - KUHS द्वारा अस्वीकृत गरिएका तरकारी तथा फलफूल आपूर्तिकर्ताले आफ्नै लागतमा तत्काल प्रतिस्थापन गर्नुपर्नेछ ।
  - गुणस्तरहीन, बिग्रिएको, सडेको, कुहिएको वा उपभोगका लागि अनुपयुक्त तरकारी तथा फलफूल आपूर्ति भएको अवस्थामा त्यस्ता सामग्रीको भुक्तानी गरिने छैन । **साथै, आपूर्तिकर्तालाई त्यस्ता अस्वीकृत सामग्रीको मूल्यको १०% सम्म जरिवाना लगाउन सकिनेछ ।**
  - यदि गुणस्तरहीन वा अस्वीकृत सामग्रीका कारण KUHS लाई कुनै वास्तविक आर्थिक क्षति भएमा उक्त क्षतिपूर्ति समेत आपूर्तिकर्ताले व्यहोर्नुपर्नेछ ।
  - आपूर्ति नियमित रूपमा र तोकिएको समयमा गर्नुपर्नेछ। KUHS को पूर्व स्वीकृति बिना आंशिक आपूर्ति स्वीकार गरिने छैन ।
  - आपूर्ति गरिने तरकारी तथा फलफूलको आधार मूल्य (**Base Price**) कालिमाटी फलफूल तथा तरकारी बजार विकास बोर्डद्वारा दैनिक प्रकाशित **औसत थोक मूल्य हुनेछ** ।
  - आपूर्तिकर्ताले प्रस्ताव गरेको छुट प्रतिशत (**Discount Percentage**) आधार मूल्यमा लागू गरी भुक्तानी गणना गरिनेछ ।
  - कुनै दिन कालिमाटी फलफूल तथा तरकारी बजार विकास बोर्डबाट सम्बन्धित वस्तुको औसत थोक मूल्य प्रकाशित नभएको अवस्थामा पछिल्लो उपलब्ध प्रकाशित औसत थोक मूल्यलाई आधार मूल्य मानिनेछ ।
  - **लोडिङ/अनलोडिङ तथा ढुवानी शुल्क (यदि लागू भएमा) आपूर्तिकर्ताले कोटेशन फाराममा उल्लेख गरेअनुसार प्रति डेलिभरी को आधारमा दाबी गर्न सक्नेछ ।**
  - आपूर्तिकर्ताले KUHS द्वारा तोकिएको स्थान र समयमा तरकारी तथा फलफूल डेलिभरी गर्नुपर्नेछ ।
  - KUHS को पूर्व स्वीकृति बिना आंशिक, वैकल्पिक वा सम्झौतामा उल्लेख नभएको सामग्री आपूर्ति स्वीकार गरिने छैन ।
  - **कोटेशनमा विशेष रूपमा उल्लेख गरिएको बाहेक सम्पूर्ण कर, ढुवानी, लोडिङ/अनलोडिङ तथा अन्य सम्बन्धित खर्च आपूर्तिकर्ताले व्यहोर्नुपर्नेछ ।**
  - आपूर्तिकर्ताले KUHS को आवश्यकता अनुसार नियमित, ताजा र गुणस्तरीय तरकारी तथा फलफूल उपलब्ध गराउन असफल भएमा KUHS ले सम्झौता रद्द गर्न सक्नेछ ।
  - सम्झौता भंग गर्न चाहेमा कुनै पनि पक्षले कम्तीमा १ महिनाको पूर्वलिखित सूचना अर्को पक्षलाई दिनुपर्नेछ ।
  - सम्झौताको अवधि आर्थिक वर्ष २०८३/०८४ को अन्त्यसम्म कायम रहनेछ। ।

- **संस्थाको अधिकार**

  विद्यालयलाई कुनै वा सबै दरभाउ स्वीकार वा अस्वीकार गर्ने, आंशिक रूपमा स्वीकार गर्ने, वा सम्पूर्ण प्रक्रिया रद्द गर्ने पूर्ण अधिकार सुरक्षित रहनेछ ।

- **सम्पर्क विवरण**

Office of School Manager,
KUHS
चौकोट, काभ्रे

**अनुसूची-१**
**मूल्य बोलपत्र फाराम**

**तरकारी तथा फलफूल मूल्य बोलपत्र फाराम २०८३/०८४**

| एस.एन. | विवरण | उत्पादनका विशेषताहरू | आधार |
|---|---|---|---|
| १ | माग अनुसारका सबै प्रकारका मौसमी तरकारी र फलफूलहरू | ताजा, श्रेणीबद्ध, उच्च गुणस्तरका | कालीमाटी फलफूल तथा तरकारी बजार विकास बोर्डद्वारा दैनिक प्रकाशिते औसत थोक मूल्य |

**प्रस्ताव गरिएको दर**

| विवरण | शब्दमा | संख्यामा |
|---|---|---|
| **कालीमाटी औसत थोक मूल्य (%) भन्दा कम छुट** | | |

**अतिरिक्त शुल्क**

| विवरण | रकम |
|---|---|
| लोडिङ/अनलोडिङ शुल्क (प्रति डेलिभरी) | रु. |
| ढुवानी शुल्क (प्रति डेलिभरी) | रु. |

- **आपूर्ति सम्बन्धी प्रमुख शर्तहरू**
  - आपूर्तिकर्ताले विद्यालयको आवश्यकता अनुसार तोकिएको समय, स्थान र परिमाणमा नियमित रूपमा ताजा तरकारी तथा फलफूल उपलब्ध गराउनुपर्नेछ ।
  - **आपूर्तिकर्ताले पेश गरेको कालिमाटी फलफूल तथा तरकारी बजार विकास बोर्डद्वारा प्रकाशित दैनिक औसत थोक मूल्यमा लागू हुने छुट प्रतिशत (Discount Percentage) सम्झौता अवधिभर कायम रहनेछ र खरिदकर्ताको पूर्वलिखित स्वीकृति बिना कुनै पनि मूल्य वृद्धि वा परिवर्तन गर्न पाइने छैन ।**
  - आपूर्ति गरिने सम्पूर्ण तरकारी तथा फलफूल ताजा, सफा, स्वस्थ, ग्रेड गरिएको, उच्च गुणस्तरको तथा मानव उपभोगका लागि उपयुक्त हुनुपर्नेछ ।
  - आपूर्ति गरिने तरकारी तथा फलफूल सडेको, कुहिएको, बासी, किराले खाएको, अत्यधिक पाकेको, चोट लागेको, प्रदूषित वा अन्य कुनै कारणले उपभोगका लागि अनुपयुक्त हुनु हुँदैन ।
  - आपूर्ति गरिएका तरकारी तथा फलफूलको गुणस्तर KUHS को निरीक्षण तथा स्वीकृतिअनुसार हुनुपर्नेछ । KUHS ले गुणस्तरहीन, बिग्रिएको वा अस्वीकृत सामग्री स्वीकार गर्न बाध्य हुने छैन ।
  - KUHS द्वारा अस्वीकृत गरिएका तरकारी तथा फलफूल आपूर्तिकर्ताले आफ्नै लागतमा तत्काल प्रतिस्थापन गर्नुपर्नेछ ।
  - गुणस्तरहीन, बिग्रिएको, सडेको, कुहिएको वा उपभोगका लागि अनुपयुक्त तरकारी तथा फलफूल आपूर्ति भएको अवस्थामा त्यस्ता सामग्रीको भुक्तानी गरिने छैन । **साथै, आपूर्तिकर्तालाई त्यस्ता अस्वीकृत सामग्रीको मूल्यको १०% सम्म जरिवाना लगाउन सकिनेछ ।**
  - यदि गुणस्तरहीन वा अस्वीकृत सामग्रीका कारण KUHS लाई कुनै वास्तविक आर्थिक क्षति भएमा उक्त क्षतिपूर्ति समेत आपूर्तिकर्ताले व्यहोर्नुपर्नेछ ।
  - आपूर्ति नियमित रूपमा र तोकिएको समयमा गर्नुपर्नेछ। KUHS को पूर्व स्वीकृति बिना आंशिक आपूर्ति स्वीकार गरिने छैन ।

- आपूर्ति गरिने तरकारी तथा फलफूलको आधार मूल्य (**Base Price**) कालिमाटी फलफूल तथा तरकारी बजार विकास बोर्डद्वारा दैनिक प्रकाशित **औसत थोक मूल्य हुनेछ**।
- आपूर्तिकर्ताले प्रस्ताव गरेको छुट प्रतिशत (**Discount Percentage**) आधार मूल्यमा लागू गरी भुक्तानी गणना गरिनेछ।
- कुनै दिन कालिमाटी फलफूल तथा तरकारी बजार विकास बोर्डबाट सम्बन्धित वस्तुको औसत थोक मूल्य प्रकाशित नभएको अवस्थामा पछिल्लो उपलब्ध प्रकाशित औसत थोक मूल्यलाई आधार मूल्य मानिनेछ।
- **लोडिङ/अनलोडिङ तथा ढुवानी शुल्क (यदि लागू भएमा) आपूर्तिकर्ताले कोटेशन फाराममा उल्लेख गरेअनुसार प्रति डेलिभरी को आधारमा दाबी गर्न सक्नेछ।**
- आपूर्तिकर्ताले KUHS द्वारा तोकिएको स्थान र समयमा तरकारी तथा फलफूल डेलिभरी गर्नुपर्नेछ।
- KUHS को पूर्व स्वीकृति बिना आंशिक, वैकल्पिक वा सम्झौतामा उल्लेख नभएको सामग्री आपूर्ति स्वीकार गरिने छैन।
- **कोटेशनमा विशेष रूपमा उल्लेख गरिएको बाहेक सम्पूर्ण कर, ढुवानी, लोडिङ/अनलोडिङ तथा अन्य सम्बन्धित खर्च आपूर्तिकर्ताले व्यहोर्नुपर्नेछ।**
- आपूर्तिकर्ताले KUHS को आवश्यकता अनुसार नियमित, ताजा र गुणस्तरीय तरकारी तथा फलफूल उपलब्ध गराउन असफल भएमा KUHS ले सम्झौता रद्द गर्न सक्नेछ।
- सम्झौता भंग गर्न चाहेमा कुनै पनि पक्षले कम्तीमा १ महिनाको पूर्वलिखित सूचना अर्को पक्षलाई दिनुपर्नेछ।
- सम्झौताको अवधि आर्थिक वर्ष २०८३/०८४ को अन्त्यसम्म कायम रहनेछ।

**कम्पनीको नाम ठेगाना::**

**आपूर्तिकर्ताको नामः**

**अधिकृत हस्ताक्षरः**

**सम्पर्क नम्बरः**

**इमेलः**

**फर्मको छाप** :